संयुक्त राष्ट्रसङ्घीय
मानवअधिकार उच्चायुक्तको
कार्यालय, नेपाल

प्रेस विज्ञप्ति - २०६५ असार १२

---

**नेपालमा यातना तथा अभद्र व्यवहारलाई रोक्न बृहत् प्रयास आवश्यक**

उच्चायुक्तको कार्यालय-नेपालले बिहीबार पोखरा, धनगढी र नेपालगन्जस्थित आफ्ना क्षेत्रीय कार्यालयहरूमा कार्यक्रमको आयोजना गरी यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायविरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धि (क्याट) कार्यान्वयनमा आएको २१ औं वार्षिकोत्सवको स्मरण गर्‍यो । जुन २६ तारिखलाई यातनापीडितको सहयोगका लागि संयुक्त राष्ट्रसङ्घीय अन्तर्राष्ट्रिय दिवसका रूपमा स्मरण गरिन्छ ।

नेपालमा यातना तथा अभद्र व्यवहारलाई रोक्न बृहत् प्रयास आवश्यक छन् । यिनमा देहायका कुराहरू पर्दछन् :

- यातना तथा अभद्र व्यवहारलाई अपराधकरण गर्ने विशेष कानुन ल्याउन जरुरी कदम चाल्दै विद्यमान फौजदारी कानुनको प्रयोग गरेर सम्भव भएसम्म यातना तथा अभद्र व्यवहारका कार्यलाई अभियोजन गर्ने;
- प्रत्यवस्थापन, पुनर्स्थापना, पुनरावृत्ति नहुने कुराको प्रत्याभूति एवं आर्थिक क्षतिपूर्तिसमेत सबै प्रकारका परिपूरण पाउने पीडितको अधिकारलाई व्यवहारमा सुनिश्चित गर्ने गरी यातना क्षतिपूर्ति ऐनमा सुधार गर्ने;
- यातना सम्बन्धमा राष्ट्रिय मानवअधिकार आयोग (आयोग)ले गरेका सिफारिसहरूलाई कार्यान्वयन गर्न सरकारलाई आग्रह गर्ने ।

नेपालमा अभद्र व्यवहार गर्ने वा यातना दिने व्यक्तिहरूका लागि प्रायः पूर्ण दण्डहीनता रहेको छ । पीडकहरू प्रायः कहिल्यै पर्याप्त मात्रामा दण्डित भएका छैनन् र न्यायिक उपचार तथा परिपूरण पाउने पीडितको अधिकार कमै मात्रामा प्राप्त भएको छ । यातनाविरुद्धको संयुक्त राष्ट्रसङ्घीय समितिले आफ्नो सबैभन्दा पछिल्ला निष्कर्ष तथा सिफारिसहरूमा भनेजस्तै, यातनालाई कसुरको गम्भीरताअनुरूप दण्डनीय अपराध बनाउने कानुन ल्याउनु सरकारका लागि अत्यन्त महत्त्वपूर्ण रहेको छ ।

"अभद्र व्यवहार तथा यातनालाई रोक्न तथा नेपालमा विद्यमान दण्डहीनताको वातावरणलाई समाप्त पार्न उपयुक्त उपायहरू अवलम्बन गरिने कुरा सुनिश्चित गर्न एकीकृत कार्य तथा निरन्तरको राजनीतिक दृढता आवश्यक पर्दछ", उच्चायुक्तको कार्यालय-नेपालकी उपप्रमुख ज्योति साङ्घेराले भन्नुभयो ।

**For further information contact Marty Logan at OHCHR-Nepal:**
**Tel.: 428 0164 (Ext.321); Mobile 98510.16922 or mlogan@ohchr.org**